# खजुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

## असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड २०७६

खजुरा गाउँकार्यपालिकाबाट स्विकृत मितिः २०७६।१२।२०

कोभिड-१९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थाबाट प्रभावित असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई दैनिक जिवन यापनको लागि स्थानिय तहबाट राहत उपलब्ध गराउने गरि नेपाल सरकार मन्त्रिपरिषदबाट भएको निर्णय कार्यान्वयन गर्न खजुरा गाउँपालिका गाउँकार्यपालिकाको बैठकले यो मापदण्ड तयार गरि स्विकृत गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड २०७६ रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषणा गरेको अवधिसम्मको लागि लागु हुने छ ।

२. परिभाषः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) "असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग" भन्नाले दैनिक रूपमा कामकाज गरी पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा ४ बमोजिमका श्रमिक कामदार तथा मजदुर सम्झनु पर्छ ।

(ख) "असहाय" भन्नाले कसैका लालन पालनमा नरही अशक्त तथा आवास विहिन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्बा, मस्जिद, गुरूद्धारा, चर्च वा वृद्धाश्रममा बस्ने व्यक्ति सम्झानु पर्छ ।

(ग) "राहत" भन्नाले नेपाल सरकारबाट निर्णय भए बमोजिम सम्बन्धित स्थानिय तहको दफा ३ बमोजिमका श्रमिक वर्ग तथा असहायहरूलाई प्रदान गरिने दफा ५ बमोजिमको सामाग्री सम्झनुपर्छ ।

(घ) "स्थानिय तह" भन्नाले खजुरा गाउँपालिका सम्झनु पर्छ ।

३. अभिलेख राख्नुपर्नेः (१) यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक वर्ग तथा असहायहरूलाई प्रदान गर्न सबन्धित वडा कार्यालयले अभिलेख तयार गर्नु पर्ने छ ।

(क) पसलबाट ग्राहकको घर सम्म सामान ओसारपसार गर्ने श्रमिक,
(ख) पर्यटक भरिया, निर्माण सामाग्री भरिया तथा सवारी साधन नचल्ने बाटोमा आवश्यक बस्तुहरू ओसारपसार गर्ने व्यक्ति ।
(ग) ट्रक, ट्रिपर भ्यानबाट सामान लोड अनलोड गर्ने श्रमिक ।
(घ) अन्य व्यक्तिको खेतवारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर ।
(ङ) आफ्नो नातेदार बाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई शिशु तथा जेष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति ।
(च) गिटी कुट्ने बालुवा चाल्ने तथा ईटा भट्टामा काम गर्ने मजदुर ।
(छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी सिकर्मी, हेल्पर लगायतका मजदुर ।
(ज) नाङ्लो पसले, दैनिक रूपमा पत्रिका वितरक, साना फुटपाथ पसले, ठेला, भाडा तथा साइकिलमा सामान विक्री वितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर ।

(झ) देहायका यातायात मजदुरः
(१) अन्य व्यक्तिका मालवाहक सवारी तथा डेलीभरि भ्यान चलाउने सवारी चालक सहचालक ।
(२) दैनिक ठेक्का वा ज्यालामा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक ।
(३) रिक्सा तथा ठेला गाडा चालक
(४) सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर ।
(ञ) अन्य व्यक्तिको गार्मेन्ट, कार्पेट टेलरिङ्ग गलैचा बुट्टा तथा जर्ती भर्ने र कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर ।
(ट) स्थानीय तहमा दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ति ।

(२) यस दफा बोजिमको राहत पाउने परिवार तथा व्यक्तिको अभिलेख अनुसूचि-१ बमोजिम सम्बन्धित वडा सचिवले वडा सदस्य तथा वडा अध्यक्षको सहयोग लिई तिन दिन भित्र तयार गरी सार्वजनिक गर्नु पर्ने छ ।

४. राहत वितरण गर्नु पर्ने : दफा ३ बमोजिमको लगतमा समावेश भएको श्रमिक वर्ग तथा असयाहरूलाई सम्बन्धित वडाले अनुसूची २ बमोजिमको ढाँचामा विवरण राखि दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नु पर्ने छ ।

५. राहत सामाग्रीः (१) खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असहायहरूलाई प्रति परिवारका लागि देहायका सामाग्री राहत स्वरूप वितरण गरिनेछ ।

(क) चामल २५ किलोग्राम
(ख) दाल २ किलोग्राम
(ग) नुन १ किलो ग्राम
(घ) खाने तेल १ लिटर

(२) यस मापदण्ड बमोजिम राहत वितरण गर्दा एक परिवारलाई एक इकाई मानी सम्बन्धित वडाले अभिलेख कायम गर्नु पर्ने छ । साथै परिवार संख्या कायम गर्दा दुई जनासम्म भए उपदफा (१) बमोजिमको राहत सामाग्रीको आधा र सो भन्दा बढी परिवार संख्या भए पुरै राहत सामाग्री वितरण गरिनेछ ।

(३) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि श्रमिक वर्ग तथा असहाय तथा तिन संग संगै रहेका परिवार कुनै सदस्यले यस अवधिमा कुनै बैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामाग्री वितरण गरिने छैन ।

(४) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको एकै परिवारको एक भन्दा बढी सदस्यलाई राहत सामाग्री वितरण गरिने छैन ।

६. वितरण गर्ने विधिः (१) देहायको विधि अवलम्बन गरी दफा ५ बमोजिमको राहत सामाग्री वितरण गर्नु पर्ने छ ।

(क) राहत वितरणको लागि सम्बन्धित वडा समितिले सामाग्री खरिद गरी वितरण गर्ने ।

(ख) सम्बन्धित वडा समितिले हुन सक्ने सम्भाव्य भिड तथा अन्य व्यवस्थापकीय समस्याका कारणले वडा समितिबाट वितरण गर्न नसक्ने अवस्था भएमा देहाय बमोजिम गर्ने ।

(१) स्थानीय तहले आफ्नो क्षेत्र भित्र दफा ५ बमोजिमको सामाग्री उपलब्ध गराउन सक्ने स्थानिय आपूर्तिकर्ताबाट मुल्य सूची लिई सो को आधारमा सामाग्रीको गुणस्तर तथा मुल्य यकिन गर्ने र उपलब्ध भए सम्मका आपूर्तिकर्ता छनौट गर्ने ।

(२) दफा ३ बमोजिमको लगतमा परेका श्रमिक वर्ग तथा असहायहरूलाई वडा सदस्य वा अध्यक्षले कुपन उपलब्ध गराई उपखण्ड (१) बमोजिमको आपूर्तिकर्ताबाट राहत सामाग्री उपलब्ध गराउने ।

७. राहत वितरणको अभिलेख र प्रतिवेदन : (१) सम्बन्धित वडाले वितरणको अनुसूचि-२ बमोजिमको राहत विवरणको अभिलेख आफ्नो कार्यालयमा राखि साप्ताहिक रूपमा सार्वजनिक गर्नु पर्ने छ र एक प्रति गाउँपालिकाको कार्यालयमा पठाउनु पर्ने छ ।

(२) प्रत्येक स्थानिय तहले राहतको प्रतिवेदन अनुसूची ३ बमोजिमको ढाँचामा पाक्षिकरूपमा राष्ट्रिय परिचय पत्र तथा पंजिकरण विभाग र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्ने छ ।

(३) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वा निजले तोकेको संस्थाबाट राहत वितरणको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

८. कारवाही सम्बन्धी व्यवस्था (१) यस कार्यविधिमा तोकिएको मापदण्ड पुरा नभएको व्यक्तिले झुट्टा विवरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुदैन ।

(२) यस कार्याविधिको प्रतिकुल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानुन बमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हदसम्मको रकम खजुरा गाउँपालिकाले असुल गरी लिने छ ।

अनुसूची -१

(दफा ३ संग सम्बन्धित)

***राहत माग गर्दा व्यक्तिले भर्नु पर्ने अभिलेख***

***राहत प्राप्त गर्ने व्यक्तिको विवरणः***

१. नामथरः २. बाबुको नामः ३. बाजेको नाम

४. स्थायी ठेगानाः ५. हालको ठेगानाः

६. टेलिफोन वा मोवाइल नम्बर(भएमा)

७. दैनिक ज्यालादारीमा कार्यरत स्थानः ८. गर्ने गरेको कामको विवरणः

९. पेश गरेको कागजातको विवरण (कम्तीमा कुनै एक कागजात संलग्न गर्नु पर्ने)

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

(ख) गरिब घर परिवार परिचय पत्रको प्रतिलिपि

(ग) सवारी चालक अनुमतिपत्रको प्रतिलिपि

(घ) अन्यः

१०.राहत लिने व्यक्तिको स्वः घोषणाः

म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुर्न माध्यमबाट आय आर्जन गरेको छैनन् । मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठिक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला ।

*निवेदक* *औंठाको छाप*

दस्तखत दा. वा

मितिः

**सिफारिस गर्ने पदाधिकारीः** **स्थानीय तहको नामः खजुरा गाउँपालिका, बाँके**

दस्तखतः वडा नं.

नामः पद

मितिः

अनुसची- २

(दफा ७ को उपदफा १ संग सम्बन्धित)

# खजुरा गाउँपालिका

वडा नं. .......... को कार्यालय, बाँके

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टे.फोन नं. | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

राहत वितरण गर्नेको

दस्तखतः

नाम थरः

टेलिफोन नं.ः

अनुसची- ३

(दफा ७ को उपदफा २ संग सम्बन्धित)

# खजुरा गाउँपालिका, बाँके

## राहत वितरणको प्रतिवेदन

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टे.फोन नं. | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

निवेदन गर्नेको

दस्तखतः

नाम थरः

टेलिफोन नं.ः